## आ.व. २०७७/७८ को पाँचौ बैठक

आज मिति २०७७ साल पौष ५ गते दिउँसो ८:०० बजे रासी गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एव निर्णयहरु तपसिल बमोजिम रहेका छन् ।

### उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी , रासी गाउँकार्यपालिका ।
उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,रासी गाउँ कार्यपालिका ।
सदस्य श्री टेकबहादुर कुमाल, रासी गाउँ कार्यपालिका ।
सदस्य श्री बेदप्रसाद चौधरी, रासी गाउँ कार्यपालिका ।
सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, रासी गाउँ कार्यपालिका ।
सदस्य श्री कुवारी देवी कार्की, रासी गाउँ कार्यपालिका ।
सदस्य श्री जगतबहादुर थापा, रासी गाउँकार्यपालिका ।
सदस्य श्री विष्णु गुरुङ्ग, रासी गाउँकार्यपालिका ।
सदस्य श्री ताराबहादुर डि.सी, रासी गाउँकार्यपालिका ।
सदस्य श्री गोकर्णबहादुर रानामगर, रासी गाउँकार्यपालिका ।
सदस्य श्री गोवर्धन रावत, रासी गाउँकार्यपालिका ।
सदस्य श्री विधाशरण चौधरी, रासी गाउँकार्यपालिका ।
सदस्य श्री सुनितामल्ल, रासी गाउँकार्यपालिका ।
सदस्य श्री ताराकुमारी चौधरी, रासी गाउँकार्यपालिका ।
सदस्य श्री चन्दर चौधरी, रासी गाउँकार्यपालिका ।
सदस्य श्री रिमबहादुर सुनारी मगर, रासी गाउँकार्यपालिका ।
सदस्य श्री संजिव परियार रासी गाउँ कार्यपालिका ।
सदस्य सचिव श्री शोभाराम रिजाल, रासी गाउँ कार्यपालिका ।

आमन्त्रित

श्री महेश अधिकारी , कृषि विकास अधिकृत ,
श्री विश्वास वि.क., शाखा अधिकृत
श्री नारायण राउत , स्वास्थ्य शाखा संयोजक
श्री विकास ज्ञवाली, अधिकृत
श्री अशोक बेल्वासे, ईन्जिनियर
श्री बालचन्द्र गुरुङ , सूचना प्रविधि अधिकृत
श्री शेर बहादुर हमाल , प.से.प्रा.
श्री सुवास भट्टराई , कम्प्युटर अपरेटर
श्री प्रभु महतो, आ.ले.प.
श्री शिवलाल सुवेदी
श्री धन प्रसाद शर्मा, लेखा अधिकृत (सातौं)

Shagun

**मिति २०७७।०९।०५ राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकका निर्णयहरु**

**निर्णय नं. १.** सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयनको लागि सबै वडामा दिइएको विवरण अनुसार फर्महरु भरी प्रत्येक वडावाट मिति २०७७ पौष १२ गते सम्म कार्यक्रम कार्यान्वयनमा लैजाने गरी पेश गर्ने

**निर्णय नं. २.** आव ०७७।७८ मा स्थानीय तहसँगको साझेदारीमा गरिने सबै प्रकारका पार्क।उद्यान निमार्ण सम्बन्धी कार्यविधि २०७७ अनुसार यस गाउँपालिका भित्र पार्क उद्यान निमार्णको लागि विभिन्न वडाहरुमा रहेका सम्भावित क्षेत्रहरुको प्राविधि सहितको टोलीले अनुगमन गरि पुस १२ गते भित्र सिफारिस गरि पेश गर्ने । सो सिफारिसका आधारमा स्वीकृत कार्यविधि बमोजिम अन्य प्रकृया अघि बढाउने ।

**निर्णय नं. ३.** राप्ती गाउँपालिका वडा नं. ५ सिसहनियामा १५ सैयाको अस्पतालको निर्माण गर्न जग्गा प्रदान गर्ने जनकल्याण प्राथमिक विद्यालय, कालापानीके नाममा रहेको कित्ता नं. ३१८ र ३१७ को जग्गाको सबै क्षेत्रफल ०-४-१३ कट्ठा, कित्ता नं. ९९ को कुल क्षेत्रफल मध्ये ऐ.ऐ. रहेको ०-४-० कट्ठा, कित्ता नं. ९८६ को कुल क्षेत्रफल मध्ये जनकल्याण प्राथमिक विद्यालय, कालापनी तर्फको ०-४-१८ कट्ठा जग्गा प्राप्ती गर्न जिल्ला प्रशासन कार्यलय मार्फत नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४.** राप्ती गाउँपालिकाको नाममा स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत छनोट भएका योजनाहरुको कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५.** लुम्बिनी प्रदेश सरकारद्धारा जारी गरिएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकिकरण गर्न बनेको ऐन, २०७६ (संसोधन २०७७) को दफा ४ को प्रतिबन्धात्मक वाक्यांश अनुसा सवारी साधन पाएको अवस्थामा पदाधिकारी तथा सदस्यहरले यातायात सुविधा नपाउने व्यवस्था भएको र यस कार्यालयबाट पदाधिकारी तथा वडा अध्यक्षले पाएको सवारी साधन कार्यालयमा फिर्ता गर्ने, यसरी फिर्ता भएका सवारी साधनहरु कार्यालय प्रयोजनवाहेक अन्य प्रयोजनका लगि प्रयोग नगर्ने गरि सवारी साधन प्रयोग नगर्नेको हकमा २०७७ साउन महिना देखि र प्रयोग गर्नेको हकमा सवारीसाधन फिर्ता गरेको मिति देखि लागु हुने गरि यातायात सुविधा उपलब्ध गराउने ।

**निर्णय नं. ६.** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बाट प्राप्त प्रदेशको स्थायी राजधानी व्यवस्थापन समन्वय समितिको मिति २०७७।०८।१८ गतेको निर्णय कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७.** कार्यालयमा रहेको साधन र स्रोतको विचार गरि नेपाल मगर संघ र थारु कल्याणकारिणी सभालाइ अध्यक्ष स्तरीय निर्णयबाट आर्थिक सहायता उपलब्ध गराउने ।

**निर्णय नं. ८.** राप्ती गाउँपालिकाको उपाध्यक्ष कोसेली कार्यक्रम सम्बन्धी कार्यविधि २०७७ स्वीकृत गरी सो बमोजिम तोकिएको कार्यक्रम कार्यान्वयन गर्ने ।

**निर्णय नं. ९.** गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ अनुसार लघु उद्यमी सिर्जना गर्नको लागि यस राप्ती गाउँपालिकाका वडा नं. १ र ५ लाइ छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०.** राप्ती गाउँपालिकाको तर्फबाट भालुवाङ नगर विकास समितिमा राप्ती १ भालुवाङ लालमोहमद मिया र मिना पाण्डेलाई सदस्यमा मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११.** विद्यालय रङरोगन तथा मर्मत कार्यक्रमको लागि तपसिलका विद्यालयहरु छनौट गर्ने:

१. भद्राक्षदेवी प्राथमिक विद्यालय धापखोला
२. जनज्योति आधारभुत विद्यालय नयाँगाउँ
३. वि.पी. आधारभुत विद्यालय बसन्तपुर
४. राप्ती गंगा प्राथमिक विद्यालय चैते
५. सगाइरी प्राथमिक विद्यालय स्यानीघाँप
६. हंशेश्वर प्राथमिक विद्यालय भगवानपुर
७. सर्वोदय माध्यमिक विद्यालय सिसहनिया
८. नुतन बाल उद्यान प्राथमिक विद्यालय सिङ्गो

**निर्णय नं. १२** कार्यालयको काममा अतिरिक्त तथा पिल्ड्मा काम गर्ने कर्मचारीको हकमा कार्यपालिकाबाट स्वीकृत भएको दरलाई समेत आधारमानि कार्यविधि तयार गरी कार्यान्वयनमा लैजाने ।

**निर्णय नं. १३** राप्ती गाउँपालिकमा रिक्त रहेका स्थायी दरबन्दीहरुको पदपुर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग आकृति फाराम पठाउने ।

प्रस्ताव नं १४ नदीजन्य पदार्थको व्यवस्थापन सम्वन्धमा । प्रारम्भिक वातावरणीय परीक्षण (आईईई)

राप्ती गाउँपालिकावाट मिति २०७७/०७/२० गते स्वीकृत गरिएको प्रारम्भिक वातावरणीय परीक्षण (आईईई)

प्रतिवेदन अनुसार राप्ती नदीका बिभिन्न घाटहरुवाट नदीजन्य पदार्थ देहाय अनुसार हुने गरी व्यवस्थापन गर्ने निर्णय गरियो:

लुम्बिनी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७७।०७।१२ को च नं ३९५ को प्राप्त राय सुझाव सम्वन्धि पत्र तथा कार्यपालिकाको मिति ०७७।०७।२० को निर्णय अनुसार गत आर्थिक बर्ष २०७६/०७७ मा लगाएको ठेक्का तथा अमानत सम्वन्धि कार्यको कोभिडको कारण उत्खनन कार्य पुरा हुन नसक्दा बाँकी रहेको परिमाण समेत यस आर्थिक बर्षमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (आईईई) गरिएका घाटहरुवाट ति फर्महरुलाई २ महिना भित्र तोकिएको परिमाण उठाईसक्ने गरी उपलब्ध गराई बाँकी हुन आएको परिमाणलाई देहाय बमोजिम ठेक्का प्रकृयावाट बिक्री गर्ने

गत आर्थिक बर्षको बाँकी परिमाण

| सि नं | फर्म/व्यक्तिको नाम ठेगाना | बाकी परिमाण घनफिट | गत बर्ष जम्मा भईसकेको रकम | यस बर्ष जम्मा गर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | आँसु निर्माण सेवा बिजुवार प्यूठान | ८००७२२ | ४८२१९४७/- | ० | ३३६१२७ घनफिटको हालमो दररेट अनुसार रकम जम्मा गरेमा सो परिमाण थप गर्न सकिने |
| २ | सगरमाथा क्रशर उद्योग गढवा १ दाङ | ३४२६४० | २०५५८४० | ० | |
| ३ | सन्तोष भुसाल समेत राप्ती २ | ६४३६६ | ३८६१९६ | ० | |
| | जम्मा | १२०७३२८ | | | |

आव ०७७।०७८ मा ठेक्का व्यवस्थापन गर्ने घाट तथा सो को न्युनतम दररेट यस प्रकार कायम गर्ने

| आय ठेक्का नं | नदी खोलाको विवरण | स्वीकृत आईईई बमोजिम ठेक्का लगाउने घाटको बिवरण | संकलन गर्न पाउने अधिकतम परिमाण (घनफिट) | स्वीकृत निकासी दर (प्रति घनफिट) | न्युनतम कबोल अंक भ्याट बाहेक | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| आय १/०७७/७८ | राप्ती नदी | बर्दिवास घाट | ४८०२१६ | ८/- | ३८४१७२८/- | ३०००/- |
| आय २/०७७/७८ | राप्ती नदी | कठाहा घाटको जम्मा परिमाण ८१००० घ मि मध्येको बाँकी परिमाण | १६५२३८२ | ८/- | १३२१९०५६/- | ३०००/- |
| आय ३/०७७/७८ | राप्ती नदी | खुर्रिया घाट | २८६०११० | ८/- | २२८८०८८०/- | ३०००/- |
| आय ४/०७७/७८ | राप्ती नदी | बसन्तापुर घाट | १९०६७४ | ८/- | १५२५३९२/- | ३०००/- |
| आय ५/०७७/७८ | राप्ती नदी | बगरापुर क घाट | ४७६३८५ | ८/- | ३८१४२८०/- | ३०००/- |

Shagun

निर्णय नं.१५- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत आ.व. २०७७।७८ का लागि EMIS मा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रम सूची सार्वजनिक गर्ने।

Shagun